अस्वीकरण

नेपालीमा अनुवाद गरिएको मामिलाको निर्णय पक्षकारले आफ्नो भाषामा बुझ्नु को लागि मात्र हो। सबै व्यावहारिक र आधिकारिक उद्देश्यका लागि, फैसलाको अंग्रेजी संस्करण नै प्रामाणिक हुनेछ र कार्यान्वयनको उद्देश्यका लागि पनि अंग्रेजी भाषा मै जारी भएको फैसला मान्य हुनेछ।

[२०२४] २ एस.सी.आर. १५२: २०२४ आईएनएससी ९६

राजसेकर

विरुद्ध

राज्य प्रतिनिधित्व गर्दै थानाप्रमुख

(सन् २०२४ को फौजदारी अपील नं. ७५६)

५ फेब्रुअरी २०२४

[विक्रम नाथ र सतीश चन्द्र शर्मा, जे.जे.]

विचारणीय मुद्दा

अभियुक्त पोक्सो कानूनको धारा ३(क) र धारा ४ बमोजिम दोषी ठहरिएको र दश वर्ष कैद सजाय सहित जरिवाना तोकिएको थियो, के दिइएको कैद सजायको परिमाण उचित छ?

मुख्य बुँदाहरू

बालबालिकालाई यौन दुरव्यवहारबाट संरक्षण कानून, २०१२ - धारा ३(क) र धारा ४ - कैद सजायको परिमाण – अभियुक्तलाई पोक्सो कानूनको धारा ३(क)/४ बमोजिम दोषी ठहर गरी तल्लो न्यायालयबाट दश वर्ष कैद र रु५,०००/- जरिवाना र तीन महिनाको थुनुवाको सजाय सहित रु एक लाखको क्षतिपूर्ति भराउने आदेश दिइएको – यस न्यायालयमा पुनरावेदन गर्दा, अभियुक्तले धारा ४ बमोजिम न्यूनतम साढे सात वर्षको सजाय तोकिएकोमा आफूले सोभन्दा बढी सजाय भोगिसकेको; र अभियुक्तले पीडितको दैनिक खर्च उठाउँदै आएको भन्ने बहस गरेको:

निर्धारण गरियो: परिस्थितिको समग्र मूल्यांकन गर्दा, न्यायको खातिर, अभियुक्तले भुक्तान गरिसकेको कैदलाई नै अन्तिम सजाय मानिनेगरी घटाइएको – तर पोक्सो कानूनको धारा ३(क) र धारा ४ बमोजिमको दोषी ठहर भने कायम रहनेछ – कैद/सजाय [अनुछेद ६]

कानूनको सूची

बालबालिकालाई यौन दुरव्यवहारबाट संरक्षण ऐन, २०१२।

मुख्य शब्दावलीको सूची

बालबालिकालाई यौन दुरव्यवहारबाट संरक्षण; कैदको परिमाण; क्षतिपूर्ति; न्यूनतम कैद; सजाय संशोधन; कैद घटाइएको।

मामिलाको उत्पत्ति

फौजदारी अपिल अधिकारक्षेत्र: सन् २०२४ को फौजदारी अपिल नं. ७५६

मद्रास उच्च न्यायालयको मिति २६.१०.२०२१ को फैसला र आदेश, सन् २०१७ को सीआरएलए नं. १७६

पक्षहरूका प्रतिनिधित्व

बी. करुणाकरन, श्रीमती के. बालम्बिहाई, अजित विलियम एस, वी एम ईश्वर,

एस. गौथमन, वकिलहरू अपीलकर्ताका तर्फबाट।

सर्वोच्च न्यायालयको फैसला/आदेश

<u>आदेश</u>

अनुमति प्रदान गरिएको।

२. हामीसामु रहेका यी अपीलकर्ता मद्रास उच्च न्यायालयको मिति २६.१०.२०२१ को फैसलाबाट चित्त नबुझेका छन्, जसले सन् २०१७ को फौजदारी अपिल नं. १७६ मा अपीलकर्ताको पुनरावेदन खारेज गरी सत्र न्यायालयको मिति ०३.०२.२०१७ को फैसलालाई सदर गरेको थियो, जसले अपीलकर्तालाई बालबालिकालाई यौनदुरव्यवहारबाट संरक्षण ऐन ("पोक्सो") २०१२ को धारा ३(क) र धारा ४ बमोजिम दोषी ठहर गरेको थियो।

३. सुरुमै, यो नोट गर्नुपर्छ कि मिति १२.०७.२०२२ को आदेशद्वारा, यस न्यायालयले अपीलकर्तालाई दिइएको कैदको परिमाणबारेमा मात्र सूचना जारी गरेको थियो। यसैले यस न्यायालयले उक्त सीमित प्रश्नमात्र विचार गर्नुपर्छ।

४. सत्र न्यायालयको फैसलाद्वारा, अपीलकर्तालाई दश वर्षको कैद र रू ५,०००/- जरिवाना तोकिएको थियो, जरिवाना नतिरेमा तीन महिनाको थप कैदको व्यवस्था समेत थियो। राज्य सरकारलाई पनि पोक्सो नियमावली, २०१२ को नियम ७(२) बमोजिम पीडितलाई रु १,००,०००/- क्षतिपूर्ति भराउन निर्देशन दिइएको थियो। सत्र न्यायालयले तोकेको सजायलाई उच्च न्यायालयले कुनै संशोधन नगरी सदर गरेको थियो।

५. अपीलकर्ताका तर्फबाट बहस गर्दै विद्वान् वकिलले भन्नुभयो कि दोषी ठहरिँदा पोक्सो ऐनको धारा ४ बमोजिम साढे सात वर्ष मात्र न्यूनतम कैद तोकिएको थियो र अहिले अपीलकर्ताले सोभन्दा बढीनै कैद भुक्तान गरिसकेका छन्। अपीलकर्ताले पीडित र उनको बच्चाको दैनिक खर्च उठाउँदै आएको पनि उल्लेख गरी थप कैद तोकिएमा उनको परिवार र पीडितलाई समेत असर पर्ने भन्दै सजायमा कमी गरिदिनुहुन अनुरोध गर्नुभयो।

६. पक्षका विद्वान वकिलहरूको बहस सुनी र मामिलाका सम्पूर्ण परिस्थितिहरूको समग्र मूल्यांकन गरी हामी यो निष्कर्षमा पुगेका छौं कि अपीलकर्ताले भोगिसकेको कैदलाई नै अन्तिम सजाय मान्ने हो भने न्यायको माग पूरा हुनेछ। यसैअनुरूप, यस अपीललाई आंशिक रूपमा स्वीकृत गरिएको छ। बालबालिकालाई यौनदुरव्यवहारबाट संरक्षण ऐन, २०१२ को धारा ३(क) र धारा ४ बमोजिम अपीलकर्तालाई दोषी ठहर गरिएकोलाई यसद्वारा सदर गरिन्छ। तर, सत्र न्यायालयद्वारा र उच्च न्यायालयद्वारा पुष्टि गरिएको सजायलाई यसरी संशोधन गरी अपीलकर्ताले भोगिसकेको कैदकै परिमाणमा कायम गरिन्छ।

७. अपीलकर्तालाई अन्य कुनै मामिलामा पनि कैद भुक्तान गर्नु नपरेमा तत्काल रिहा गरिदिया जावस।

८. यसरी माथि उल्लिखित आधारमा यो अपील निपटारा भएको छ। यसमा दर्ता भएका अन्य कुनै निवेदन(हरू) भए पनि तिनीहरू समेत यसैसाथ निपटारा भएका छन्।

मुख्य बुँदाहरू तयार गर्नेः निधि जैन *मामिलाको परिणामः* अपील आंशिक रूपमा स्वीकृत।